नेपाल सरकार

# कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(..............................................................शाखा)

प.सं. : ०७३/७४
च.नं. : ६२४

सिंहदरवार, काठमाण्डौं

मितिः २०७३/१०/२६

## प्रेस विज्ञप्ति

आज मिति २०७३ साल माघ २६ गते नेपालका लागि संयुक्त राज्य अमेरिकाका महामहिम राजदूत Ms. Alaina B. Teplitz ले माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री अजय शंकर नायकज्यूसँग माननीय मन्त्रीज्यूको कार्यकक्षमा शिष्टाचार भेट गर्नुभयो।

उपर्युक्त भेटका अवसरमा नेपाल र संयुक्त राज्य अमेरिका बीचको लामो र सौहार्दपूर्ण कुटनीतिक सम्बन्धको महत्वलाई स्मरण गर्दै सहयोग आदानप्रदानका समसामयिक विषयमा छलफल भएको थियो।

नेपालस्थित संयुक्त राज्य अमेरिकाको राजदूतावासबाट मानव बेचबिखन, वन्यजन्तु ओसारपसार, सम्पत्ति शुद्धीकरण लगायतका विषयहरुमा प्रहरी र सरकारी वकीलहरुलाई प्रशिक्षण कार्यक्रममा पु-याउँदै आएको सहयोगको निरन्तरताको साथै, संविधान कार्यान्वयन र विकसित नवीनतम विषयहरुमा समेत प्राविधिक सहयोग उपलब्ध गराउन इच्छुक रहेको महामहिम राजदूतले व्यक्त गर्नुभयो।

भेटघाटको क्रममा माननीय मन्त्रीज्यूले संविधान कार्यान्वयन र निर्वाचन अहिलेको प्राथमिकता भएको र यसको लागि आवश्यक कानूनको निर्माणमा मन्त्रालयले सक्रिय रुपमा काम गरिरहेको जानकारी दिनुभयो। यस क्रममा कानून निर्माण गर्न विज्ञ समूह समेत नियुक्त भई कानून तर्जुमाको काम अगाडि बढिरहेको बताउनुभयो।

कानून निर्माण र कानून तर्जुमामा संलग्न अधिकृतहरुको क्षमता अभिवृद्धि लगायतका द्विपक्षीय चासोका विविध विषयमा समेत विचार विमर्श भएको थियो।

उक्त अवसरमा मन्त्रालयका प्रवक्ता एवं सहसचिव श्री डिल्लीराज घिमिरे र नेपालका लागि संयुक्त राज्य अमेरिकाको राजदूतावासका स्थायी कानूनी सल्लाहकार श्री Kevin Burke को पनि उपस्थिति रहेको थियो।

(डिल्लीराज घिमिरे)
प्रवक्ता एवं सहसचिव

फोन: ४-२११९८७, ४-२११७८६, ४-२११६३०, ४-२११७४१, ४-२११६३४, ४-२११७०२, ४-२११६३६, ४-२११८७२, ४-२११७२७
फ्याक्स नं.: ४-२११६८४





